काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

बैठक संख्या-४१

आज मिति २०८२/०२/०८ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| | |
|---|---|
| १. श्री राजु थापा | - अध्यक्ष |
| २. श्री तेज बहादुर थापा | - उपाध्यक्ष |
| ३. श्री खड्क बहादुर थापा | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री विद्यापति शर्मा | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री फुल बहादुर वि.क. | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री लक्ष्मण पुन | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री रामनाथ कँडेल | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री बृहस्पति शर्मा | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री प्रेम बहादुर श्रेष्ठ | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री प्रमानन्द कँडेल | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री टिका रंगत वि.क. | - कार्यपालिका सदस्य |
| १२. श्री भूमा देवी पुन | - कार्यपालिका सदस्य |
| १३. श्री सुन्तली वि.क. | - कार्यपालिका सदस्य |
| १४. श्री पूर्णमाया सुनार | - कार्यपालिका सदस्य |
| १५. श्री गीता देवी वि.क. | - कार्यपालिका सदस्य |
| १६. श्री देवी थापा मगर | - कार्यपालिका सदस्य |
| १७. श्री पूर्ण बहादुर कार्की | - सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति :-

१. श्री माधव शर्मा सेवा अधिकृत
२. श्री प्रकाश कँडेल राजस्व शाखा प्रमुख
३. श्री मनोज कार्की प्रशासन प्रमुख
४. श्री प्रिंचल थापा MIS अपरेटर

**निर्णयहरू:-**

**निर्णय नं. १.**

आगामि आ.व. २०८२/०८३ को प्रस्तावित आय व्यय विवरण गाउँ सभाको १७ औ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

क) आ.व. ०८०/८१ को यथार्थ, आ.व. ०८१/८२ को संशोधित र आ.व. ०८२/८३ को प्रस्तावित

| विवरण | आ.व. २०८०/०८१ को यथार्थ (रू. हजार) | आ.व. २०८१/०८२ को संशोधित (रू. हजार) | आ.व. २०८२/०८३ को अनुमानित (रू. हजार) |
|---|---|---|---|
| चालु खर्च | ३३५५९६.८१७ | ४०७९०० | ३८४२०० |
| पूजिगत खर्च | १४९४८५.९०८ | १७९८२३ | २०२७८३ |
| **जम्मा** | **४८५०८२.७२५** | **५८७७२३** | **५८६९८३** |

ख) आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आय विवरण (रू. हजारमा)

| क्र.सं. | आय श्रोत | प्रस्तावित रकम |
|---|---|---|
| १ | संघिय सरकार समानिकरण अनुदान | ९७२०० |
| २ | संघिय सरकार सशर्त अनुदान (चालु) | ३११२०० |
| ३ | संघिय सरकार राजश्व बाँडफाड | ८२०४४ |
| ४ | संघिय सरकार सशर्त (पूजिगत) अनुदान | १४००० |
| ५ | संघिय सरकार बिशेष अनुदान | ११००० |
| ६ | संघिय सरकार समपुरक अनुदान | १२१०० |
| ७ | गण्डकी सरकार समानिकरण अनुदान | १२६६० |
| ८ | गण्डकी सरकार राजश्व बाँडफाड | ९५५१ |
| ९ | गण्डकी सरकार विशेष अनुदान | ३९८३ |
| १० | गण्डकी सरकार समपुरक अनुदान | ६००० |
| ११ | गाउँपालिकाको आन्तरिक आय | ८००० |
| १२ | मालपोत राजश्व बाँडफाड | ५०० |
| १३ | अनुमानित सञ्चित कोषबाट अल्या हुने रकम | १८५०० |
| १४ | प्रदेश सरकार शसर्त अनुदान पूजिगत | २०० |
| १५ | संघिय सरकार वन रोयल्टी | ४५ |
| | **जम्मा** | **५८६९८३** |

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

ग) आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित व्यय विवरण (रू. हजारमा)

| क्र.सं. | व्यय विवरण | प्रस्तावित रकम |
|---|---|---|
| १ | सशर्त (चालु) | ३११२०० |
| २ | सशर्त (पूजिगत) | १४००० |
| ३ | चालु तर्फको खर्च | ७३००० |
| ४ | गाउँपालिकाको गौरवको योजना (२ वटा) | १०००० |
| ५ | वडागत बजेट सिलिङ | ३७००० |
| ६ | वडागत समपुरक योजना | ६००० |
| ७ | संघ, प्रदेश समपुरक | ३०००० |
| ८ | पूर्वाधार विकास | २१९०० |
| ९ | सामाजिक विकास | ३२१०० |
| १० | आर्थिक विकास (कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र वित्तिय क्षेत्र) | ११५०० |
| ११ | सार्वजनिक सेवा तथा क्षमता विकास | ४५०० |
| १२ | वन, वातावरण तथा विपद् व्यवस्थापन | २५०० |
| १३ | गण्डकी प्रदेश सरकार समपुरक अनुदान | ६००० |
| १४ | गण्डकी प्रदेश सरकार विषेश अनुदान | ३९८३ |
| १५ | गण्डकी प्रदेश सरकार शसर्त पूजिगत अनुदान | २०० |
| १६ | संघीय सरकार विशेष अनुदान (रेश आधारभूत अस्पताल) | ४५०० |
| १७ | संघीय सरकार विशेष अनुदान (डाँग्रेखोला ढोटेपाटा पिडाल्ना सिचाई योजना) | ६५०० |
| १८ | संघीय सरकार समपुरक अनुदान (ढोलकाटे चोक-तंग्राम वडा कार्यालय भवन-सातलेस हुदै धम्जा देउराली ताराखोला जोड्ने सडक स्तरोन्नती) | १२१०० |
| | **जम्मा** | **५८६९८३** |

**निर्णय नं. २.**

काठेखोला गाउँपालिकाको गाउँ सभाको १७ औ अधिवेशनको दोस्रो बैठकमा निम्न विद्येयक पेश गर्ने ।

क) काठेखोला गाउँपालिकाको आर्थिक विद्येयक, २०८२

ख) काठेखोला गाउँपालिकाको विनियोजन विद्येयक, २०८२

**निर्णय नं. ३.**

क) काठेखोला गाउँपालिकाको मिति २०८०/०३/१० गते बसेको १३ औ गाउँ सभाको दोस्रो बैठकको निर्णय नं. ८ अनुसार काठेखोला गाउँपालिकको प्रशासकीय भवन काठेखोला गाउँपालिका वडा नं. ६, साम्बोट सामुदायीक वनमा बनाउने निर्णय भएकोमा विशेष कारणले उक्त स्थानमा प्रशासकीय भवन निर्माण हुन नसकेकोले सो निर्णयलाई संशोधन गरिदिन मिति २०८२/०३/०८ गते बसेको जग्गा व्यवस्थापन समितिको बैठकबाट निर्णय भई आएकोले सो निर्णयको प्रस्ताव मिति २०८२/०३/१० गते बस्ने गाउँ सभाको १७ औ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

ख) मिति २०८१/११/१३ गते निशुल्क जग्गा प्राप्ती सम्बन्धमा प्रकाशित गरिएको सूचना अनुसार काठेखोल गाउँपालिका वडा नं. २, अक्षेते तथा वडा नं. ६, बिहुँ सुल्डाँडा (आम्पाटा) बाट निशुल्क जग्गा दिने आवेदन प्राप्त भएको तथा २०७३ फागुन २७ गते काठेखोला गाउँपालिकाको केन्द्र साविक गा.वि.स.को कार्यालय हुने तोकिएको हुदाँ काठेखोला गाउँपालिकाको केन्द्र सहित उक्त २ (दुई) स्थान मध्ये १ (एक) स्थानको केन्द्र सहित प्रशासकीय भवनको जग्गा प्राप्तिको लागी निर्णयार्थ गाउँ सभाको १७ औ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

ग) गाउँ सभाको १७ औ अधिवेशनमा काठेखोला गाउँपालिकाको केन्द्र सहित प्रशासकीय भवनको जग्गा प्राप्ती सम्बन्धमा निर्णयार्थ पेश हुने प्रस्तावको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्रशासन शाखा प्रमुख र न्यायिक सहजकर्ता सदस्य रहने गरी ३ सदस्य समिति गठन गर्ने र समितिले आफ्नो काम सम्बन्धी कार्यविधी आफै तयार गर्ने निर्णय गरिन्छ।

**निर्णय नं. ४.**

काठेखोला गाउँपालिका वडा नं. ७ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही परिचयपत्र नं. २०००११००२९५१ का लालमति कार्कीको माछापुच्छ्रे बैङ्कको खाता नं. ४४२२५२४७४४३१४०१९ मा जम्मा हुनुपर्ने सामाजिक सुरक्षा भत्ता रकम लाभग्राही परिचय पत्र नं. २००१०५१५०२९१८ को लालमति कार्की (मृत्यु भई सकेको) माछापुच्छ्रे बैङ्कमा रहेको खाता नं. ४४२२५२४७४५६५९९१२ मा जम्मा हुन पुगेको र नीज मृतकको खातामा जम्मा भएको रकम फिर्ता समेत भई सकेकोले सामाजिक सुरक्षा भत्ताका लाभग्राही परिचय पत्र नं. २०००११००२९५१ र बैङ्क खाता नं. ४४२२५२४७४४३१४०१९ को लालमति कार्कीको नाममा दोस्रो र तेस्रो त्रैमासिक वापतको रकम रू. १२०००।- को दरले दुई त्रैमासिकको जम्मा रू. २४०००।– पुन पठाउने व्यवस्था हुन राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ५.**

आगामी आर्थीक वर्ष २०८२/०८३ को प्रस्तावित आय व्ययको अनुमानित बजेट तथा कार्यक्रम मिति २०८२/०३/१० गते बस्ने गाउँ सभाको १७ औ अधिवेशनको दोस्रो बैठकमा उपाध्यक्ष ज्यूबाट पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ विविध।**

क) सडक आसपासमा रहेका विभिन्न सामाग्रीहरू (ढुङ्गा, गिटी, वालुवा, काठ, दाउरा, घाँस लगायत बाटोलाई अवरोध हुने अन्य वस्तु तथा सामाग्रीहरू) ले सार्वजनिक मोटर बाटोलाई असर पुर्याएको, यसको कारण दुर्घटना समेत हुन जाने हुदाँ उल्लेखित वस्तु तथा सामाग्रीहरू तुरून्त हटाउन लगाउने र नहटाएमा जरीवाना गर्ने। उल्लेखित कार्यको लागी गाउँ पालिकाको कार्यालय बाट सूचना प्रकाशित गर्ने निर्णय गरियो।

ख) न्यायिक समितिको वैकल्पिक सदस्यमा कार्यपालिका सदस्य देवी थापालाई मनोनयन गर्न गाउँ सभाको १७ औ अधिवेशनमा प्रस्ताव पेश गर्ने।